# अनुगमन प्रतिवेदन २०७३

## कास्की,स्याङ्जा,पाल्पा र पर्बत जिल्लाको अनुगमन प्रतिबेदन

आ.ब २०७३/०७४

**अनुगमन टोली**

**डा. तुलसीप्रसाद थपलिया सह सचिव, शिक्षा मन्त्रालय, अनुगमन,मूल्याङ्कन तथा निरीक्षण महाशाखा प्रेमराज खरेल उप सचिव, शिक्षा मन्त्रालय, कार्यक्रम अनुगमन समन्वय शाखा**

## कास्की, स्याङ्जा, पाल्पा र पर्वतभ्रमणको अनुगमन प्रतिबेदन

### १.पृष्टभुमि

शिक्षा मन्त्रालय अनुगमन शाखा बाट तोकिएको बार्षिक कार्यक्रम अनुसार प्रत्येक बर्ष बिभिन्न जिल्लाहरुको अनुगमन गर्ने कार्ययोजना अनुसार शिक्षा मन्त्रालयमा कार्यरत सह सचिवहरुलाई तोकिएको जिल्ला अनुगमनको सिलसिलामा आर्थिक बर्ष २०७३। ०७४ मा कास्की, स्याङ्जाजिल्लाको अनुगमन गर्ने कार्यक्रम रहेको, तत्काल सुधार कार्ययोजना कार्यान्वयन सम्बन्धमा यस मन्त्रालयको मिति २०७३।६।१३ को स्वीकृत कार्यक्रम अनुसार नमुनाको रुपमा चार वटा प्रदेशको एक एक वटा जिल्ला पर्ने गरी प्रदेश नं ४ मा परेको पर्वत जिल्ला शिक्षा कार्यालयको अनुगमन गर्नु पर्ने र उल्येखित जिल्ला अनुगमनको क्रममा नजिकमा रहेको जिल्ला शिक्षा कार्यालय पाल्पा समेत लाई अनुगमन कार्यक्रममा समेटि मिति २०७३।११।०३ देखि २०७३।११।०९ सम्म उपर्युक्त जिल्लाहरुको अनुगमन गरिएको थियो । मुख्य रुपमा सम्बन्धित आ.व मा निर्धारण गरिएका कार्यक्रमहरु सम्बन्धित जिल्लाहरुमा तोकिएको कार्य प्रणाली अनुसारका नीति तथा निर्देशन अनुसार संचालन भै रहेका छन छैनन सो को जाँच गर्नुको अतरिक्त देखिएका कमी कम्जोरीहरुको सुधार गर्न को लागि देखा परेका समस्याहरुको बिश्लेषण गरी समाधानका उपायहरु पहिल्याई आवश्यक निर्देशन दिनु अनुगमनको प्रमुख सार्थक्ता रहने भएकोले अनुगमनका क्रममा उक्त पक्षलाई जोड दिई अनुगमन कार्य सम्पन्न गरियो । अनुगमन बाट निर्धारित कार्यप्रक्रिया बमोजिम कार्य भै रहेको छ छैन सो नभएमा आईपरेका समस्याहरु सम्बन्धमा समेत आवश्यक बिचार बिमर्श गरी निर्धारित प्रक्रिया अनुसारको बाटोमा जान समेत मार्गदर्शन हुने हुन्छ । अनुगमनको माध्यम वाट कार्यस्थलमा खटिएका जनशक्तिहरुलाइ कार्यक्रम कार्यान्वयनमा आवश्यक साहयता पुर्याइ निर्धारित कार्यप्रक्रिया अनुसार कार्यान्वयनमा थप टेवा दिनको लागि यो अनुगमन सहायक सिद्ध हुने अनुमान गरी एको थियो । अनुगमनको लागि १८ बुदे सूचक तयार गरी सो सुचकको आधारमा स्थलगत अनुगमन गरिएको थियो।

### २. अनुगमनको उद्धेश्य

कार्यस्थलमा देखिएका समस्याहरुको समाधान गरी निर्धारित प्रकृया अपनाइ कार्यसम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्ने यस अनुगमनको प्रमुख उद्धेश्य रहेको छ । सहायक उद्धेश्यहरुको रुपमा निम्नानुसारका उद्धेश्यहरु किटान गरिएका छन ।

- कार्यालय सञ्चालन प्रकृयाको स्थलगत अबलोकन गरी प्रभनवकारी रुपमा कार्यालय सञ्चालनमा आबश्यक सुझाव उपलब्ध गराउनु ।
- आ.व.२०७३।०७४ को स्वीकृत कार्यक्रम अनुसारको कार्यान्वियन योजना तयार गरे नगरेको र बार्षिक कार्यक्रम सार्वजनिक गरे नगरेको सम्बन्धमा आवश्यक जानकारीहरु हासिल गर्नु ।
- भौतिक निर्माण कार्यक्रम अन्तर्गत रहेको बेरुजु घटाउनको लागि भएका प्रयासहरु सम्बन्धमा आवश्यक बिबरणहरु संकलन गर्नु ।
- मासिक प्रगति समीक्षा सम्बन्धमा छलफल तथा अन्तरक्रि्रया कार्यक्रम सञ्चालन गर्ने।
- बिद्यालयहरमा छात्रबृति बितरण प्रक्रिया कस्तो अपनाइएको छ सो सम्बन्धमा आबश्यक जानकारी लिइ त्यसलाइ थप प्रभावकारी बनाउन आवश्यक बिचार बिमर्श गर्ने ।
- बार्षिक प्रगति सम्बन्धमा छलफल तथा समीक्षा गर्ने ।
- कार्यालयले संचालन गरेका सार्बजनिक सेवा प्रवाह सम्बन्धमा छलफल तथा सहजीकरण ।
- सेवा प्रवाहमा सूचना प्रबिधिको प्रयोग सम्बन्धमा छलफल तथा पृष्टपोषण ।
- एकिकृत तथ्याङ्क प्रणालिको उपयोग सम्बन्धमा छलफल तथा अन्तरक्रिया ।
- भौतिक निर्माणमा भएको प्रगति समीक्षा ।
- मासिक शिक्षक तलव निकाशा सम्बन्धमा यथार्थ अबस्थाको जानकारी ।
- बिद्यालय ब्यबस्थापन समितिको गठन अबस्था ।
- बेरुजु फरछ्र्यौटमा रहेको प्रगति ।
- कार्यक्रम सञ्चालनमा देखिएका मुख्य मुख्य समस्याहरु र समाधानको लागि गरिएका प्रयासहरु सम्बन्धमा ।

**३. अनुगमनको बिधि , प्रक्रिया र अनुगमन गरिएका निकायहरु , अनुगमन टोलीमा सहभागीहरुको नामावली**

अनुगमनको क्रममा सम्बन्धित कार्यालयहरुमा स्थलगत भ्रमण गरी कार्यालयका बिभिन्न शाखाहरुका जिम्त्रेवार पदाधिकारीहरु संग कार्यक्रमको संचालन सम्बन्धमा आवश्यक छलफल गरेर छलफलको आधारमा भएको प्रगति तथा कार्यान्वयनमा आइपरेका समस्याहरु सम्बन्धमा यथार्थ जानकारी हासिल गरिएको थियो । कार्यालयमा रहेको अभिलेख अध्ययन, सेवाग्राहीहरु संगको छलफल , स्टाफ बैठकमा कार्यक्रम सम्बन्धमा छलफल जस्ता बिधिहरु अपनाइएको थियो ।

**अनुगमन गरिएका निकायहरु**

- जिल्ला शिक्षा कार्यालय, कास्की, पोखरा
- जिल्ला शिक्षा कार्यालय, स्याङ्जा, पुतलीबजार
- जिल्ला शिक्षा कार्यालय पाल्पा, तानसेन
- जिल्ला शिक्षा कार्यालय, पर्वत, कुस्मा

**अनुगमन टोलीमा शिक्षा मन्त्रालयको तर्फ बाट सहभागीहरुको नामावली**

- डा.तुलसीप्रसाद थपलिया सह सचिवअनुगमन, मुल्याङकन तथा निरीक्षणमहाशाखा
- प्रेमराज खरेल उप सचिव कार्यक्रम अनुगमन समन्वय शाखा

**४. अनुगमनका प्राप्तीहरु**

यस अनुगमनको क्रममा ४ वटा जिल्ला शिक्षा कार्यालयहरुको अनुगमन गरिएकोले प्रत्येक जिल्ला शिक्षा कार्यालयहरुमा देखिएको अबस्था निम्नानुसार छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

**जिल्ला शिक्षा कार्यालय कास्की, पोखरा**

- बिबिध कारणबस यस कार्यालयमा संगठन संरचना अनुसारका कार्यालय सञ्चालनका लागि चाहिने कर्मचारीहरु मध्ये प्रबिधिक सहायकको संख्या कमी रहेको ।

- कार्यालयले कार्यालय सम्बन्धित बिभिन्न बिबरणहरुलाइ कार्यालय कक्षमा प्रदर्शन गरी जो कोहीले पनि कार्यालय सम्बन्धित बिबरणहरु सहज किसिम वाट उपलब्ध गराउने ब्यबस्था गरिएको ।
- जिल्लाका मुख्य मुख्य शैक्षिक सूचनाहरु, शिक्षा सम्बन्धित मुख्य मुख्य नीतिगत ब्यबस्थाहरु साथै जिल्लाको बस्तुगत बिबरण समेटिएको कास्की शैक्षिक दर्पण २०७१ प्रकाशन भएको त्यस पछिको निरन्तरता नभएको ।
- मासिक रुपमा स्टाफ बैठक र स्रोतब्यक्ति बि.नि बैठक बसी समस्या समाधान सम्बन्धमा छलफल हुने गरेको ।
- बार्षिक कार्ययोजना तयार गरी सो बमोजिम कार्यक्रमहरु सञ्चालन भइरहेको ।
- सेवा प्रवाहमा सूचना प्रबिधिको उपयोग भइरहेको , शिक्षकको बिबरणहरुलाई अद्याबधिक गरी नाम तथा सङ्केत नम्बरको आधारमा पूर्ण बिबरण हेर्न मिल्ने गरी बेव साईटमा राखिएको ।
- एकिकृत तथ्याङ्क प्रणालीको उपयोग गरिएको ।
- भौतिक निर्माण सम्बन्धी कार्यहरु को प्रगति बिबरण सम्बन्धित शाखा प्रमुखको उपलब्धता नभएको कारण लिन नसकेको, नयाँ कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको ।
- बि.सं २०६९ शालमा दरबन्दी मिलान गरी मिलानको कार्यलाइ निरन्तरता दिइ रहेको, त्यस पछि दरबन्दी मिलानको कार्य नभएको ।
- अधिकांस बिद्यालयहरुमा बिद्यालय ब्यबस्थापन समिति गठन भएको ।
- बेरुजु फछ्र्यौटलाइ प्राथमित्त्का दिइएको ।
- बिद्यालयहरुमा चौमासिक निकाशा प्रणालिलाइ निरन्तरता दिइइको ।
- बेरुजु फर्छ्योट सम्बन्धमा बिबरण अद्याबधिक नभएको कारण निर्दिष्ट फारम अनुसारको बिबरण तत्काल उपलब्ध गराउन नसकेको ।

**जिल्ला शिक्षा कार्यालय स्याङ्जा, पुतलीबजार**

- तोकिएका शाखा तथा फाँटहरुको कार्यसम्पादनमा पदसोपान अनुसारका कर्मचारीहरुको ब्यबस्थापन नभएको ।

- कार्यालयले कार्यालय सम्बन्धित बिभिन्न बिबरणहरुलाइ कार्यालय कक्षमा प्रदर्शन गरी जो कोहीले पनि कार्यालय सम्बन्धित बिबरणहरु सहज किसिम वाट उपलब्ध गराउने ब्यबस्था गरिएको ।
- मासिक रुपमा स्टाफ बैठक र स्रोतब्यक्ति बि.नि बैठक बसी समस्या समाधान सम्बन्धमा छलफल हुने गरेको ।
- बार्षिक कार्ययोजना तयार गरी सो बमोजिम कार्यक्रमहरु सञ्चालन भइरहेको ।
- सेवा प्रवाहमा सूचना प्रबिधिको उपयोग भइरहेको , कार्यालयको सूचना अधिकारी तोकिएको ।
- एकिकृत तथ्याङ्क प्रणालीको उपयोग गरिएको ।
- भौतिक निर्माण सम्बन्धी कार्यहरु समयमा सम्पन्न गर्न जोड दिइएको ।
- बिगत समयमा दरबन्दी मिलान भएको, जिल्ला शिक्षा समितिले उप समिति गठन गरी कार्यान्वयनमा रहेको ।
- अधिकांस बिद्यालयहरुमा बिद्यालय ब्यबस्थापन समिति गठन भएको ।
- बेरुजु फछ्र्यौटलाइ प्राथमिक्ता दिइएको ।
- बिद्यालयहरुमा चौमासिक निकाशा प्रणालिलाइ निरन्तरता दिइइको ।
- सिकाई उपलब्धि अभिबृद्धि रणनीति तयार, जिम्मेवारी सहितको योजना निर्माण ।
- बिद्यार्थी लगबुकको प्रकाशन र बितरण गरेको, जिल्लागत एकरुपताको लागि शैक्षिक कार्यपात्रो २०७३ कार्यानवयनमा रहेको ।
- सिकाई बडापत्र तयार गरी बितरण गरिएको, प्रत्येक स्रोतकेन्द्रमा न्युनतम सिक्नु पर्ने बिबरण उल्येख गरी सार्वजनिक गर्ने ब्यबस्था गरिएको ।

**जिल्ला शिक्षा कार्यालय पाल्पा, तानसेन**

- सुशासन ब्यबस्थापन सम्बन्धमा कार्यालयको तर्फवाट जोड दिईएको, सूचना अधिकारी तोकिएको साथै बिद्यालयहरुमा समेत तोक्नको लागि आवश्यक प्रयास भइरहेको ।
- शैक्षिक तथ्याङ्क तथा अभिलेख ब्यबस्थापन उपयुक्त किसिमवाट सञ्चालन गर्न कार्यालयले बिशेष महत्व दिएको देखिन्छ । पाल्पा शैक्षिक दर्पण २०७३ प्रकाशित भएको कारण सम्बन्धित सरोकारवालाहरु समक्ष कार्यालयको सूचना पुर्याउन सहज भएको ।

- जिल्लाको नियमित कार्य सम्पादनका लागि आवश्यक बिभिन्न समितिहरुको गठन भएको, नियमित रुपमा स्टाफ बैठक तथा अन्य आवश्यक बैठक बस्ने गरेको । ४३३ बिद्यालयहरुमा ब्यबस्थापन समितिको गठन भएको ।
- बार्षिक कार्ययोजना तयार गरी सो बमोजिम कार्यक्रमहरु सञ्चालन भइरहेको ।
- बिद्यालय निरीक्षक, स्रोतब्यक्ति र प्रधानाध्यापकहरु सँग छलफल गरी समस्या पहिचान र समाधानका लागि प्रयास गरिएको ।
- बेरुजु फछ्र्यौटलाइ प्राथमिक्ता दिइएको ।
- भौतिक निर्माण सम्बन्धी कार्यहरु समयमा सम्पन्न गर्न जोड दिइएको ।
- शैक्षिक दर्पण प्रकाशन, शैक्षिक क्यालेण्डर निर्माण, बिद्यार्थी बाट शिक्षकको मुल्याङकन र पुरस्कृत गर्ने, नोटिस बोर्ड फेस बुक पेज आदिको सञ्चालन भएको ।

**जिल्ला शिक्षा कार्यालय, पर्वत, कुस्मा**

- भुकम्पको कारण कार्यालय भवनको बाहिर पट्टी चर्किएको, सवारी साधनहरु चालु अवस्थामा रहेका, कार्यालयको सबै शाखाहरुमा कम्प्युटरको उपलब्धता, जिन्सी लगत अध्याबधिक रहेको साथै सबै बिद्युतिय उपकरणहरु चालु अवस्थामा रहेको ।
- नागरीक बडापत्र अपडेट भईरहेको, सूचना अधिकारी तोकिएको, नोटिस बोर्ड चालु नभएको, बेव साईट पनि चालु अवस्थामा नरहेको, शैक्षिक बुलेटिन प्रकाशन नभएको ।
- अधिकांस बिद्यालयहरुले समाजिक परीक्षण गर्ने गरेको साथै स्रोतकेन्द्र मार्फत सामाजिक परीक्षणको प्रतिबेदन पेश गर्ने परीपाटी रहेको, बिद्यालयहरुमा लेखा परीक्षणको काम भईरहेको, अनियमितता न्युनिकरणमा जोड दिईएको ।
- बेरुजु फछ्र्यौटलाइ प्राथमिक्ता दिइएको ।
- मासिक रुपमा स्टाफ बैठक र स्रोतब्यक्ति बि.नि बैठक बसी समस्या समाधान सम्बन्धमा छलफल हुने गरेको ।
- बिद्यालयहरुमा चौमासिक निकाशा प्रणालीलाइ निरन्तरता दिइको , अधिकांस बिद्यालयहरुमा बैक खातावाट तलवभत्ता भुक्तानी गराउने ब्यबस्था गरिएको ।
- जिल्लाको नियमित कार्य सम्पादनका लागि आवश्यक बिभिन्न समितिहरुको गठन भएको, जिल्ला शिक्षा समितिले पुर्णता पाउन नसकेको, नियमित रुपमा स्टाफ

बैठक तथा अन्य आवश्यक बैठक बस्ने गरेको । लगभग ३०० बिद्यालयहरुमा ब्यबस्थापन समितिको गठन भएको ।

- बार्षिक कार्ययोजना तयार गरी सो बमोजिम कार्यक्रमहरु सञ्चालन भइरहेको ।
- बि.सं २०६९ शालमा दरबन्दी मिलान भई ५० प्रतिशत जति कार्यान्वयन भएको, त्यस पछि दरबन्दी मिलानको कार्य नभएको , आवश्यक रहेको स्थानमा अनुमति दिने गरेको, कट्टीमा पर्ने बिद्यालयको दरबन्दी खिचि पुलमा राख्ने गरेको ।
- साक्षर जिल्ला घोषणा हुन बाकी रहेको, निरन्तर शिक्षा कार्यक्रम सञ्चालन भईरहेको, फरक प्रकृतिको भौगोलिक बिबिधता रहेको कारण शैक्षिक क्यालेण्डर कार्यान्वयनमा समस्या आउने गरेको ।

**सवल पक्षरु, राम्रा अभ्यासहरु**

- चार वटै जिल्ला शिक्षा कार्यालयहरुले जनसमुदायको सहभागितामा कार्यक्रमहरु सञ्चालन गर्न जोड दिएको अनुमान गर्न सकिन्छ । जसको फलस्वरुप कार्यालयबाट भएका बिभिन्न निर्णयहरु कार्यान्वयनमा गएका छन ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरुमा स्रोतब्यक्ति तथा बिद्यालय निरीक्षकको बैठक बाट कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक छलफल हुने गरेको ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरुले स्थानीय परिवेश अनुसारका शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धित आफ्नै पहलमा कार्यक्रमहरु सञ्चालन गर्ने गरेका ।
- कास्की, स्याङ्जा र पाल्पाले वेव साईट, नोटिस बोर्ड, फेसबुक जस्ता सूचना प्रबिधिको उपयोग गरी सरोकारवालाहरु सँग बढीभन्दा बढी सम्पर्कमा रहि सेवा प्रबाहमा सहजता ल्याउने प्रयास गरेको ।
- स्याङ्जा र पाल्पा ले हरेक बर्ष शैक्षिक दर्पण प्रकाशन गरी पारदर्शिता अभिबृद्धि गर्नमा सक्रिय भुमिका खेलेको ।
- स्याङ्जाले सिकाई बडापत्र तयार गरी बितरण गरेको, प्रत्येक स्रोतकेन्द्रमा न्युनतम सिक्नु पर्ने बिबरण उल्येख गरी सार्वजनिक गर्ने ब्यबस्था गरेको ।
- स्याङ्जाले सिकाई उपलब्धि अभिबृद्धि रणनीति तयार, जिम्मेवारी सहितको योजना निर्माण तथा बिद्यार्थी लगबुकको प्रकाशन र बितरण गरेको ।

**सुधारात्मक पक्षहरु कमी कम्जोरीहरु**

कार्यक्रम कार्यान्वयनको पक्षमा अनुगमन गरिएका चार वटै जिल्लाहरुमा प्रभावकारी किसिम वाट कार्यक्रमहरु कार्यान्वयनमा थप सुधारहरु आवश्यक रहेका छन । एउटै भौगोलिक एकाई साथै सामाजिक सास्कृतिक दृष्टिकोण बाट समेत समानता देखिएका उल्येखित जिल्लाहरुका सुधारात्मक पक्षहरु तथा कमी कम्जोरीहरुलाइ निम्न बमोजिम एकमुष्ट रुपमा प्रस्तुत गरिएको छ ।

- चार वटै जिल्ला शिक्षा कार्यालयहरुले मासिक शिक्षक तलव निकाशा गर्न आवश्यक पहल गरेको देखिएन ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरु माशाखा तथा फाँटहरुमा तोकिए अनुसारका संख्यामा जिम्मेवारी बहन गर्ने कर्मचारीहरु कार्यरत नरहनु ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरु माभौतिक सुधार कार्यक्रम अन्तर्गत बेरुजुको परिमाण अन्य शीर्षकहरुको तुलनामा बढी देखिएको , साथै सो को फर्छ्यौट सम्बन्धमा बिबिध कारणबस अन्यौलता रहेको ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरुलेप्रभावकारी प्रणालीको स्थापना गरी प्रणालीबद्ध किसिम वाट निर्धारित कार्यप्रक्रियाहरुको अनुसरण गरी कार्यालयहरु सञ्चालन गर्नु पर्ने मा सो बमोजिम उपयुक्त किसिमवाट सञ्चालन हुन नसकेको ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरुमाकर्मचारी अभावका कारण एउटै पदाधिकारी वाट बिभिन्न कार्यहरुको सम्पादन हुने गरेको , जसको फलस्वरुप कार्यालयमा जिम्मेवारीहिनता, तोकिएको बिधि तथा प्रकृया नपुग्ने र बिबाद सिर्जना हुने जस्ता समस्याहरु देखा परेको ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरुमा प्राप्त स्रोत साधनहरुको समुचित उपयोग गरी बढी प्रतिफलमुलक बनाउन आवश्यक पहल नगरिएको ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरु माजिल्ला शिक्षा अधिकारीहरु बाट अधिकार प्रत्यायोजन नगरेका कारण प्राय सबै सेवाग्राहीहरु जिल्ला शिक्षा अधिकारी सँग प्रतक्ष सम्पर्क गर्न बाध्य रहेका जसको कारण जिल्ला शिक्षा अधिकारीहरु सदैव ब्यस्त रहने गरेका ।
- चार वटै जिल्ला शिक्षा कार्यालयहरु माअत्याधिक कार्य बोझका कारण जिल्ला शिक्षा अधिकारीहरुले कतिपय कार्य सम्पादनमा तोकिए बमोजिमका प्रकृया पुर्याउन नसकी बाह्य हित समुहको दवावमा आई सेवा बितरण गर्ने गरेका , जसको फलस्वरुप कार्यालयमा कार्यएकरुपता हुन नसकि समस्याहरु सिर्जना हुदै गएका ।

## ५. अनुगमनको क्रममा सम्बन्धित क्षेत्रमा नै सुधारको लागि दिइएका सुझावहरु

- मासिक रुपमा शिक्षकहरुको तलव भत्ता भुक्तानी गर्ने ब्यबस्था मिलाउन आवश्यक पहल गर्ने ।
- अधुरो रहेको भौतिक निर्माण कार्यलाइ तोकिएको निर्देशन अनुसार निरन्तरता दिइ पुरा गर्ने सम्बन्धमा आवश्यक पहल गर्ने ।
- कार्यालयमा प्रणाली बिकास गरी तोकिएको प्रकृया पुरा गर्न लगाई सेवाग्राहीहरुलाई छिटो छरितो किसिम वाट सेवा प्रवाह गर्ने ।
- कार्यालयमा कामको जिम्मेवारी तोक्दा स्टाफ बैठक बसाइ समानुपातिक कार्यभारको आधारमा कामको जिम्मेवारी तोक्ने परिपाटीको थालनी गर्ने ।
- प्राप्त स्रोत साधनहरुको समुचित उपयोग हुने गरी सामुहिक हित हुने किसिम वाट उपयोग गर्ने ।
- जिल्ला शिक्षा अधिकारी बाट कार्यालयका दैनिक प्रकृतिका कामहरुको मातहतका उप जिल्ला शिक्षा अधिकारी तथा अन्य अधिकृतहरुलाई अधिकार प्रत्यायोजन गरी कार्यबोझ घटाउने तर्फ आवश्यक पहल गर्ने ।
- तोकिएको निर्धारीत प्रकृया पुरा गरे पश्चयात मात्र सेवा बितरण गर्ने परिपाटीको अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।
- भौतिक निर्माण सम्बन्धी कार्यहरु समयमा सम्पन्न गराउनको लागि अनुगमन सयन्त्रलाइ सक्रिय गराउनु पर्ने ।
- बेरुजुलाइ कम गर्ने तथा बिगत समयमा रहेका बेरुजुहरुलाइ नियमित प्रकृयामा ल्याइ फरफारक गर्न जोड दिने ।
- जिल्ला शिक्षा कार्यालय कास्कीले EGRP लाई प्रभावकारी रिमा सञ्चालन गर्न बिशेष पहल गर्नु पर्ने ।
- जिल्ला शिक्षा कार्यालय पाल्पाले बिद्यालय क्षेत्र बिकास कार्यक्रमको कार्यान्वयनमा र सेवा प्रबाहको प्रभावकारीतामा थप पहल गर्नु पर्ने ।
- जिल्ला शिक्षा कार्यालय स्याङजाले अंग्रेजी, गणित र बिज्ञान बिषयका जिल्लामा जनशक्तिको नक्साङ्कन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय पर्वतले कार्यालयको वेव साईट खोली अन लाईन प्रणाली मर्फत सूचना प्रवाह गर्न र शैक्षिक दर्पण प्रकाशन गर्न बिशेष जोड दिनु पर्ने ।

## ६. सुझावकार्यान्वयन तरिका तथा जिम्मेवारी

अनुगमनका क्रममा बतिपय सुझावहरु सम्बन्धित क्षेत्रमा नै उपलब्ध गराई सकेको र कार्यान्वयनमा ल्याउनको लागि आवश्यक सल्लाह समेत प्रदान गरएिको छ । कतिपय सुझावहरुको कार्यान्वयन बिभाग स्तर तथा मन्त्रालय स्तर बाट समेत हुनु पर्ने भएकोले समग्र सुधारका लागि दिईएका सुझावहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

| क स | सुझावहरु | कार्यान्वयन गर्ने तरीका | जिम्मेवार निकाय |
|---|---|---|---|
| १ | तोकिए अनुसारका संख्यामा कर्मचारीहरु उपलब्ध गराउने । | पदस्थापन भएका कर्मचारीहरुलाई तोकिएको स्थानमा नै काममा सरिक गराउने । | क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय |
| २ | कार्यसम्पादन मुल्याकंनको क्रममा उचित दण्ड र पुरस्कारको प्रभावकारी रुपमा कार्यान्यिन गरिनु पर्ने । | कुनै पनि प्रभाबमा नपरी राम्रो काम गर्नेलाइ उचित पुरस्कार र नराम्रो काम गर्नेलाइ उचित दण्डको ब्यबस्था तत्काल गर्ने । | क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय |
| ३ | कार्यसम्पादन करार ब्यबस्था लागु गरिनु पर्ने । | कार्य सम्पादन करार गराई जिल्ला शिक्षा अधिकारीको पदस्थापन गर्ने । | शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय |
| ४ | भौतिक सुधार कार्यक्रमको बितरणमा | आधार पुगेका, आवश्यक र सक्षम बिद्यालयहरुलाई मात्र | जिल्ला शिक्षा कार्यालय, |

| | | | |
|---|---|---|---|
| | तोकिएको आधार मापनको आधारमा बितरण गर्ने । | कोटा बितरणमा प्राथमिक्ता दिने । | जिल्ला शिक्षा समिति |
| ५ | भौतिक सुधार कार्यक्रम अन्तर्गतको बेरुजु फर्छयौटमा बिशेष जोड दिने । | अधुरा कार्यहरु प्राप्त निर्देशन अनुसार सम्पन्न गर्न र फरफारकमा जोड दिइ फरफारक हुन नसक्नेको रकम असुल उपर गर्ने । | क्षे.शि.नि<br>शिक्षा बिभाग<br>शिक्षा मन्त्रालय<br>जि.शि.का |

## ७. निष्कर्ष

अनुगमनको आधारको रुपमा सशक्त प्रणालीलाई मानिने भएकोले कार्यान्वयन एकाईमा प्रभावकारि कार्य सम्पादनको लागि कार्यसम्पादन ब्यबस्थापन पनि सशक्त हुनु अनिवार्य रहेको छ । कार्य सम्पादनको समुचित ब्यबस्थापन हुन नसकेको अबस्थामा अनुगमन समेत प्रभावहिन हुन जाने भएकोले अनुगमनको माध्यमवाट कार्यसम्पादनमा परिवर्तन आउन सक्नु नै अनुगमनको सार्थक्ता अभिबृद्धि हुनु हो । अनुगमन गरिएका उपर्युक्त जिल्लाहरु कार्यसम्पादनका आधारमा सक्षम तथा जनसहभागिता उपयुक्त किसिमवाट परिचालन भैआएका हुनाले अनुगमनले कार्यसम्पादन सुधारमा अवश्य पनि टेवा मिल्ने अनुमान गरिएको छ ।

## ८. अनुसूची

१ अनुगमन फारममा टिपोट गरिएका बिस्तृत बिबरणहरु

२ निरीक्षण पुस्तिकाको प्रतिलिपि

३ सामुहिक बैठकको उपस्थिति बिबरण

४ बेरुजु फर्छ्यौट बिबरण फारम

अनुगमनकर्ता

| | |
|---|---|
| डा तुलसीप्रसाद थपलिया | सह सचिव |
| प्रेमराज खरेल | उप सचिव |